स्थानीय सरकार

# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र संख्या:-०८१/८२
चलानी नम्बर:-

लुम्बिनी प्रदेश, नेपाल ।

मिति: २०८१/१२/२७

## प्रेस विज्ञप्ति

नेपाल शिक्षक महासंघले विद्यालय शिक्षा ऐन, २०८० को मस्यौदामा शिक्षकहरुका माँगहरु समावेश नभएको भन्दै आन्दोलनका कार्यक्रमहरु गर्दै शिक्षकहरुको स्थायित्व, सेवा सुविधा, सरुवा, बढुवा लगायतका विषयमा विगतमा भएका सहमति सरकार पक्षबाट उल्लङ्घन भएको ठहर गर्दै शिक्षक महासंघको अगुवाइमा २०८१ चैत्र २० गतेदेखी भईरहेको काठमाण्डौं केन्द्रित आन्दोलनले यस गाउँपालिका भित्र तथा देशभरका विद्यालयहरुमा शैक्षिक सत्र २०८२ का भर्ना अभियान लगायत शैक्षिक गतिविधि पठनपाठनका कार्यहरु प्रभावित भएका छन।

यस परिप्रेक्ष्यमा, हामी नेपाल सरकारलाई शिक्षक महासंघका विगतमा भएका सम्झौता अनुरुप जायज मागहरुलाई गम्भिरतापूर्वक विचार गरी सिघ्र प्रक्रियाद्धारा विद्यालय शिक्षा ऐन जारि गरी समस्या समाधान गर्न अनुरोध गर्दछौ। शिक्षाको गुणस्तर वृद्धिमा शिक्षकहरुको भूमिका महत्वपूर्ण रहेको हुन्छ। शिक्षकहरुको मागहरुको उचित सम्बोधनले शिक्षा क्षेत्रमा सकारात्मक प्रभाव पार्दछ।

शिक्षा क्षेत्रको स्थायित्व र प्रगतिको लागि शिक्षकहरुको आत्मसम्मान कायम राख्दै आफ्नो कर्मथलो फर्कने उचित वातावरण निर्माणका लागि नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछौ।

.............................
ध्रुवनारायण चौधरी
गा.पा. अध्यक्ष

ध्रुवनारायण चौधरी
अध्यक्ष


Email:mayadeviruralmun@gmail.com ---------------------------------------Website:mayadevimunrupandehi.gov.np